# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इँटाभट्टी, झापा, कोशी प्रदेश

प.स. ०८१/०८२
च.न. 3028

### विषय विज्ञ सुचिकृतको लागि दरखास्त आव्हान गरेको सूचना
### सूचना प्रकाशन मिति : २०८१/१०/२३

मेचीनगर नगरपालिकाको आ.व.२०८१/२०८२ को वार्षिक वजेट नीति तथा कार्यक्रम अन्तर्गतको महिला सीप विकास तालिम केन्द्र मार्फत संचालन गरिने सीप विकास तालिम संचालन कार्यविधि २०८० बमोजिम निम्न अनुशारको सीप विकास तालिम संचालन गर्नका लागि विषय विज्ञ सुचीकृत गर्नुपर्ने भएको हुँदा तोकिएको योग्यता रहेका इच्छुक फर्म,संस्था वा व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राजश्व तिरेको रसिद सहित नगर कार्यापालिकाको कार्यालय महिला तथा वालबालिका शाखामा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>विषय विज्ञ माग गरिएको क्षेत्र :</u>

| विज्ञापन नं. | तालिम संचालनको विषय विज्ञ | संख्या | सुचीकृतको लागि दस्तुर |
|---|---|---|---|
| १०-२०८१/८२ | ढाका तान बुन्ने सीप विकास तालिम | १ (एक) | १,०००। |
| ११-२०८१/८२ | नुहाउने सावुन तथा वासिङ्ग मेसिन पाउडर बनाउने सीप विकास तालिम | १ (एक) | १,०००। |

१. वियष विज्ञले आवेदन पेश गर्दा तपशिल वमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।

क) विषय विज्ञको रुपमा आवेदन गर्ने व्यक्तिको हकमा नेपाल सरकारवाट मान्यता प्राप्त तालिम वा शैक्षिक केन्द्रवाट १८ महिने पाठ्यक्रमको परिक्षा उतिर्ण गरि प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म र संस्थाको हकमा कम्तिमा ५ वर्ष सेवा पुर्याएको वा गरेको हुनु पर्ने छ ।

ख) विषय विज्ञको रुपमा सूचीकृत हुन चाहने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

ग) विषय विज्ञको विषय,प्रकृति र छनौट सम्वन्धि अन्य मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

...........................

जयन्ती खरेल
प्रमुख,महिला तथा बालबालिका शाखा

जयन्ती खरेल
महिला विकास अधिकृत
(अधिकृत स्तर छैटौं)

# अनुसूची १
## दफा ७ को उपदफा (४) सँग सम्वन्धित

श्री प्रमुख ज्यू
महिला सीप विकास केन्द्र
मेचीनगर नगरपालिका

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलाबारी, झापा
कोशी प्रदेश, नेपाल

### विषय : सूचीकृत गरिपाउँ

प्रस्तुत विषयमा महिला सीप विकास केन्द्रको मिति २०......../...../...... को सूचना बमोजिम निम्नानुसारको विवरण सहित आवश्यक कागजात संलग्न राखी विषय विज्ञकोरुपमा सूचीकृत हुन निबेदन पेश गरेको छु।

निम्न :

क) संलग्न कागजात (व्यक्तिको हकमा)

१.व्यक्तिगत विवरण
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी
३. अनुभवको प्रमाण पत्रको प्रतिलिपी
४. नागरिकताको प्रतिलिपी

ख) संलग्न कागजात (संस्थाको हकमा)

१. संस्था दर्ता प्रमाण पत्र र नवीकरणको प्रतिलिपी
२. कर चुक्ताको प्रतिलिपी
३. संस्थाको कार्य अनुभवको विवरण सोसँग सम्वन्धित कागजातको प्रतिविपी
४. संस्थाको जनशक्ति विवरण र सोसँग सम्वन्धित कागजातहरुको प्रतिलिपी

ग) विषय विज्ञको रुपमा काम गर्न चाहेको विवरण :

१. मुख्य विषय :
२. अन्य विषय :

निवेदकको नाम : ............
हस्ताक्षर : ................